नेपाल सरकार
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय

# खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

बबरमहल, काठमाडौं

## बाढी पीडितको लागि उपलब्ध गराइने राहत खाद्य पदार्थको निरीक्षण अनुगमन सम्बन्धी विवरण

यस विभागबाट मिति २०८३/०५/२६ गते खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय, काठमाडौं सहितको संयुक्त अनुगमन टोलीले भोटेकोशी बाढी पीडितको लागि उपलब्ध गराइने राहत खाद्य पदार्थको निरीक्षण अनुगमन गरी खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम तपसिलमा उल्लेख भए अनुसारको कारबाही गरिएको व्यहोरा अनुरोध छ।

| सि.नं. | खाद्य व्यवसाय/ अनुगमन स्थलको विवरण | अनुगमन गर्दाको अवस्था/ कैफियत | निर्देशन / कारबाही |
|---|---|---|---|
| १. | राधा स्वामी सत्सङ्ग सामाखुसी, काठमाडौं | • दालमोठ, केराउ, सोयावरी, चाउचाउ, विस्कुट, चिउरा, मस्यौरा, भुजा, मुसुरोको दाल, स्टिम चामल, चामल, अम्बाको जुस, क्याम्पा ड्रिङ्कस, कोकाकोला, लगायतका खाद्य पदार्थहरु राहतका लागि पठाउन ठिक्क पारेको पाइयो।<br>• उल्लेखित सबै खाद्य पदार्थको लेबलमा ब्याच नं., उत्पादन/प्याकेजिङ्ग गर्ने उद्योगको नाम, ठेगाना उल्लेख भई उपभोग्य मिति समाप्त नभएको पाइयो<br>• दुई (२) वटा बोरामा रहेको पाँच (५) के जि जति आलु कुहिएको पाइएको। | • विवरणमा उल्लेख गरीएको पाँच (५) के जि जति आलुलाई नष्ट गरी बाँकी मात्र वितरणका लागि पठाउन छुट्टाइयो।<br>• खाद्य पदार्थको वितरण गर्दा असल वितरण (Good Distribution Practice) अभ्यास अनुसार गर्ने। |
| २. | खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड, थापाथली | • स्तरोन्नती गरीएको (फोर्टिफाइड) स्टिम जीरा मसिनो चामल, मुसुरो दाल, सुर्यमुखी तेल, आयोनुन लगायतका खाद्य पदार्थहरु राहतका लागि पठाउन ठिक्क पारेको पाइयो<br>• उल्लेखित सबै खाद्य पदार्थको लेबलमा ब्याच नं., उत्पादन/प्याकेजिङ्ग गर्ने उद्योगको नाम, ठेगाना उल्लेख भई उपभोग्य मिति समाप्त नभएको देखियो। | • खाद्य पदार्थको वितरण गर्दा असल वितरण (Good Distribution Practice) अभ्यास अनुसार गर्ने। |
| **अनुगमन गरिएको राहत सामग्री राखिएको स्थान कुल संख्याः दुई (२) वटा** | | | |

डा. बाल कुमारी शर्मा
वरिष्ठ खाद्य अनुसन्धान अधिकृत
२०८३/०५/३०

# <u>अनुगमनका केहि झलकहरु</u>










